लुम्बिनी प्रदेश सरकार
सहरी विकास तथा खानेपानी मन्त्रालय
# सहरी विकास तथा भवन कार्यालय
रुपन्देही, नेपाल

फोन नं.: ०७१-५०६३०८
९८५७०१४८१८
९८५७०४९२०३

पत्र संख्या:- ०८२/०८३
चलानी नं.:- १८३१

मितिः२०८३/०२/११

विषयः <u>निर्माण कार्य कार्यान्वयन तथा सम्पन्न सम्बन्धमा</u> ।

श्री निर्माण व्यवसायी सबै ।

प्रस्तुत विषयमा यस कार्यालय र त्यस निर्माण व्यवसायी बिच निर्माण कार्यको लागि सम्झौता अनुसार समयमा, गुणस्तर तथा BOQ अनुसार कार्य सम्पन्न गर्नु पर्ने कार्य अवगतनै छ ।त्यस सम्बन्धमा सम्पूर्ण योजना/आयोजना कार्यक्रमहरु निर्धारित समय सिमा भित्रै सम्पन्न गर्न तथा ठेक्का व्यवस्थापनका कार्यहरु प्रचलित ऐन, कानुन बमोजिम सम्पादन गर्नको लागि लुम्बिनी प्रदेश सरकार, सहरी विकास तथा खानेपानी मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालबाट निर्देशन प्राप्त भएको हुदाँ तपाईको जिम्मामा रहेको निर्माण कार्यहरुको सम्झौता,इन्सुरेन्स, निर्माण सामग्री/कार्यको टेस्ट रिपोर्ट, BOQ अनुसार गुणस्तरिय कार्य समय सिमा भित्र सम्पन्न गर्नको लागि जानकारी गराइन्छ। योजना कार्यान्वयमा कुनै कैफियत भएमा ७ (सात) दिन भित्र यस कार्यालयमा लिखित जानकारी गराउनु होला। समयमा सम्पन्न नभएका योजना/आयोजनाहरुको भुक्तानी तथा बजेटको व्यवस्थापन गर्न कार्यालय जिम्मेवारी नहुने तथा सम्बन्धित निर्माण व्यवसायीहरु नै जिम्मेवार हुने व्यहोरा जानकारी गराइन्छ। अन्यथा सार्वजनिक खरिद ऐन, नियम,प्रचलित कानुन एवं सम्झौतामा उल्लेख भएको प्रावधान अनुसार कार्यवाही अगाडी बढाउने व्यहोरा समेत अनुरोध छ ।

.................................
ई. अनन्त कुमार देव
डिभिजनल ईन्जिनियर
कार्यालय प्रमुख